# الإسلام دين رسل الله )للجمعية(

# इस्लाम अल्लाहका सबै दूतहरूको धर्म हो।

## इस्लाम अल्लाहका सबै दूतहरूको धर्म हो।

इस्लामको अर्थ भनेको सम्पूर्ण ब्रह्माण्डको सृष्टिकर्ता र पालनकर्ता अल्लाहसामु आफूलाई समर्पण गर्नु तथा प्रेम र आदरका साथ उहाँको पालन गर्नु हो। इस्लामको आधार भनेको अल्लाहमा विश्वास गर्नु, उहाँ नै हाम्रो सृष्टिकर्ता हुनुहुन्छ र उहाँ बाहेक अरू सबै उहाँका सिर्जना हुन्, केवल उहाँ नै पूजनीय र उपास्य हुनुहुन्छ र उहाँको कोही साझेदार वा प्रतिद्वन्द्वी छैन, उहाँका सुन्दर नामहरू र उच्चतम गुणहरू छन्, उहाँ हरेक दृष्टिले एकदम सम्पन्न र परिपूर्ण हुनुहुन्छ, उहाँ नत कसैबाट जन्मिनुभएको हो नत कोही उहाँबाट जन्मेको हो, उहाँ जस्तो र उहाँ बराबर कोही छैन, उहाँभित्र नत कुनै सृष्टि निहित छ नत उहाँ कुनै सृष्टिभित्र निहित हुनुहुन्छ भनेर आस्था राख्नु हो।

इस्लाम बाहेक अरू कुनै धर्मलाई अल्लाहले स्वीकार गर्नुहुन्न। यो सम्पूर्ण नबी-रसूल (ईश्दूत) हरूको धर्म हो।

इस्लाम धर्मको आधारभूत सिद्धान्तहरूमध्ये एक महत्वपूर्ण सिद्धान्त सम्पूर्ण ईश्वरदूतहरू प्रति आस्था राख्नु हो। अल्लाहले मानवजातिको मार्गदर्शनका लागि विभिन्न कालखण्डमा ईश्वरदूतहरूलाई पठाई उहाँहरूलाई पवित्र ग्रन्थहरू प्रदान गर्नुभएको थियो। यीमध्ये अन्तिम र सबैभन्दा महान् ईश्वरदूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) हुनुहुन्छ। अल्लाहले उहाँलाई अन्तिम तथा पूर्ण धार्मिक विधान (शरीयत) प्रदान गर्नुभयो जसले अघिका सबै विधानहरूलाई रद्द गर्यो। अल्लाहले उहाँलाई अनेकौँ ठुल्ठुला चमत्कारहरूद्वारा समर्थन गर्नुभयो जसमध्ये सबैभन्दा महान् चमत्कार पवित्र कुर्आन हो। कुर्आन सम्पूर्ण

विश्वको परमेश्वरको वाणी हो र मानव सभ्यताले चिनेको सबैभन्दा महान् ग्रन्थ हो। यसको विषयवस्तु, शब्द, शैली र विधिविधान सबै चमत्कारी छन्। कुर्आन संसार र परलोकमा सुखी जीवन प्रदान गर्ने मार्गदर्शन हो। यो पुस्तक अरबिक भाषामा अन्तिम ईश्दूत मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) माथि जसरी अवतरित भएको थियो, त्यही रूपमा उस्तै नै आजको दिनसम्म सुरक्षित छ ।

इस्लामको सिद्धान्तहरू मध्ये फरिश्ता (स्वर्गदूत) हरू र अन्तिम दिन (प्रलयको दिन) मा विश्वास गर्नु हो । अल्लाहले मानिसहरूलाई कयामतको दिन तिनीहरूको चिहानबाट पुनः जीवित पार्नुहुनेछ र हिसाबकिताब लिनुहुनेछ । जसले ईमान आस्थासाथ राम्रो कर्म गर्यो, उसले स्वर्गमा अनन्त आनन्द पाउनेछ र जसले कुफ्र (अवज्ञा) र खराब कर्म गर्यो, उसलाई नर्कमा ठूलो सजाय हुनेछ । इस्लामका सिद्धान्तहरूमध्ये अल्लाहले निर्धारण गर्नुभएको राम्रो वा नराम्रो भाग्यमा विश्वास गर्नु पनि हो ।

इस्लाम धर्मअनुसार, येशू अल्लाहका सेवक तथा सन्देशवाहक हुनुहुन्थ्यो, न कि ईश्वरका पुत्र। अल्लाह सर्वशक्तिमान हुनुहुन्छ, उहाँको कुनै पत्नी वा सन्तान हुन सक्दैन भन्ने अटल विश्वास मुसलमानहरूको छ। कुर्आनमा स्पष्ट उल्लेख छ कि येशू अल्लाहद्वारा पठाइएका एक सन्देशवाहक हुनुहुन्थ्यो। अल्लाहले उहाँलाई अनेकौं चमत्कार प्रदान गर्नुभएको थियो। उहाँको समुदायलाई एकमात्र अल्लाहको उपासना गर्न र उहाँसँग कसैलाई साझेदार नबनाउन आदेश तर्फ आह्वान गर्न येशूलाई पठाइएको थियो। कुर्आनमा यो पनि उल्लेख छ कि येशूले कहिल्यै

आफ्नो उपासना गर्न भनेनन्, बरु उहाँ स्वयम् अल्लाहको उपासना गर्नुहुन्थ्यो।

इस्लाम मानव स्वभाव र स्वस्थ बुद्धिसँग पूर्णरूपमा मेल खाने धर्म हो, जसलाई शुद्ध आत्माहरूले स्वीकार गर्दछन् । यो महान् सृष्टिकर्ताद्वारा आफ्ना सृष्टिहरूका लागि रोजिएको धर्म हो । यो सम्पूर्ण मानिसहरूका लागि भलाई र खुशीको धर्म हो । यसमा न त कुनै जातिलाई अर्को जातमाथि, न त कुनै रंगलाई अर्को रंगमाथि प्राथमिकता दिईएको छ । यस धर्ममा सबै मानिस समान छन्। केवल असल कर्म र धार्मिकताका आधारमा मात्र प्राथमिकता दिइन्छ।

प्रत्येक बुद्धिमान व्यक्तिले अल्लाहलाई सर्वशक्तिमान पालनकर्ताको रूपमा, इस्लामलाई सत्यमार्गको रूपमा, र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई सन्देशवाहकको रूपमा मान्नुपर्छ। यो विश्वास व्यक्तिगत इच्छाको विषय होइन, किनभने अल्लाहले कयामतको दिन प्रत्येक व्यक्तिसगँ सन्देशवाहक प्रति के आस्था राख्यो कतिको अनुसरण गर्यौ भनेर सोध्नुहुनेछ। जसले विश्वास गर्दछ, उसलाई महान सफलता र सुख प्राप्त हुनेछ, तर जसले अस्वीकार गर्दछ, उसलाई ठूलो हानि हुनेछ।

इस्लाम धर्ममा प्रवेश गर्न इच्छुक व्यक्तिले 'शहादत'को अर्थ र महत्त्वलाई बुझेर आस्थासाथ यसको घोषणा गर्नुपर्छ। शहादतको वाक्य यसप्रकार छ: "अश्हदु अल्ला इलाह इल्लल्लाह, व अश्हदु अन्-न मुहम्मदर् रसूलुल्लाह" (म गवाही दिन्छु कि अल्लाह बाहेक कुनै सत्य ईश्वर छैन, र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका अन्तिम रसूल हुनुहुन्छ)। यो घोषणापछि व्यक्ति मुसलमान बन्छ।

त्यसपछि उसले इस्लामका अन्य आधारभूत सिद्धान्तहरू क्रमशः सिक्दै जानुपर्छ ताकि उसले इस्लाम धर्मलाई पूर्ण रूपमा पालन गर्न सकोस्।

थप जानकारीको लागि :

**विषयसूची**

इस्लाम अल्लाहका सबै दूतहरूको धर्म हो। ................................2

ne364v2.0 - 04/09/2026